पुनर्वास नगरपालिकाको

# व्यवसाय कर निर्देशिका, २०७५

| सभाबाट स्वीकृत मितिः | २०७५/०१/२१ |
|---|---|

पुनर्वास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पुनर्वास,कञ्चनपुर

७ नं.प्रदेश,नेपाल

# पुनर्वास नगरपालिका

## नगर कार्यपालिकाको व्यवसाय कर निर्देशिका,२०७५

कार्यपालिकाबाट पारित मितिः-२०७४/१२/१९

प्रस्तावना

व्यवसाय कर, व्यापार, व्यवसाय र पेशामा लाग्ने नगरसभाबाट पारित करको दर र तत् सम्बन्धी नीतिगत व्यवस्था बमोजिम आफ्नो क्षेत्र भित्रका व्यापार, व्यवसाय र पेशामा व्यवसाय कर लगाई असूल गर्ने कार्यलाई सरल, बैज्ञानिक र तजविजी अधिकार रहित बनाउन आवश्यक देखिएकोले नगरकार्यपालिकाको ............ औं बैठकले यो व्यवसाय कर निर्देशिका २०७५ बनाई लागू गरेको छ ।

**१. नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम व्यवसाय कर निदेशिका, २०७५ रहेको छ ।

(२) यो निर्देशिका तत्काल लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

क)“कर” भन्नाले नगरपालिकासंग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो निर्देशिका बमोजिम पुनर्वास नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूंजीगत लगानी, आर्थिककारोवार र क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क , कर,दस्तुर,जरिवाना समेतलाई जनाउंछ ।

ख) “करदाता”भन्नाले दफा ५ बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति,फर्म वा संसस्थालाई सम्झनुपर्छ ।

ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नेपाल सरकारबाट नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

घ) “कर अधिकृत”भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरकार्यपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

ङ) “वडा”भन्नाले नगरपालिकाको वडा सम्झनुपर्दछ ।

च) “कार्यालय”भन्नाले नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

छ) “शाखा”भन्नाले राजश्व शाखा लाई सम्झनुपर्छ ।

**३. व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्नेः** नगरपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय संचालन गर्नु अघि यसनिर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

**४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः** (१) नगरपालिकाभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसुचि-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका कुराहरु खुलेको हुनुपर्छः-

क) व्यवसायको नाम ।

ख) व्यवसाय रहने ठेगाना ।

ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा ।

घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण ।

ङ ) स्थीर पुंजीगत लगानी ।

च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम ।

छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम ।

ज) समय समयमा नगरपालिकाले तोकिदिएको अन्य विवरणहरु ।

झ) ब्यवसायीको नागरिकता वा स्थानीयकर इजाजत नं.

ञ) अन्यत्र ब्यवसाय दर्ता/ इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत/ दर्ता प्रमाणपत्र नम्वर

(२) उप वि (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यसउपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ ।

(३) माथि उपदफा(२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूचि-२ बमोजिमको व्यवसाय कर दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाण पत्र उपलव्ध गराउनेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा निर्देशिकाले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले वाधा पुर्याएको मानिने छैन् ।

५. **कर बुझाउने दायित्वः** (१) नगरसभाले पारित भए अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ र

(२) कुनै व्यवसाय एक भन्दा वढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्येकुनै पनि व्यक्तिलाई पनि कर बुझाउन वाध्य गर्न सकिनेछ ।

६. **व्यवसायको नविकरण गर्नुपर्नेः** दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरुभएको ३५ दिनभित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ ।

७. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः** (१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरुमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा १५दिनभित्र सो को जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरे वापत रु.१०००।— थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नु परेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दरभन्दा वढीलाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नुपर्नेछ ।

८. **साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्नेः**

(१) एक व्यक्ति वा एक भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम निवदेन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा ५०% वा रु.१०००।— मध्ये जुनबढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कर अधिकृतले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिश जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिश प्राप्त भएकोमा ठाउसारी हुने वडा कार्यालयले ब्यबसाय दर्ता विवरणमा ठाउसारी जनाई साबिकको वडा कार्यालयमा ठाउसारीको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिश भएपछि तोकिएको समय भित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाउंसारी गर्न चाहने करदाताले ठाँउसारी भई जाने व्यवसायरहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु.२०००।— दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस निर्देशिका बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

९. **कार्यालयले विवरण माग गर्न र निर्देर्शेशन दिन सक्नेः** (१) कुनै खास पेशा, व्यवसाय वाव्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित करदाताको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथाव्यवसाय स्थलमा गई आवश्यक जांचवुझ गर्न सक्नेछ ।

(३) यस निर्देशिका बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राखु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

१०. **व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने** : (१) नगरपालिकामा ब्यवसाय दर्ता गरि सकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनु पर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्वन्धित निकायवाट अनुमतिलिनु पर्ने दायित्व करदाताको हुनेछ ।

(२) यस निर्देशिका बमोजिमकर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको मानिनेछैन ।

**११. व्यवसाय दर्ता खारेज गर्न सकिने:** (१) यस निर्देशिका बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) ऐन, नियमावली र यसनिर्देशिका बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मुनासिब कारण खोली करदाताले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरीचालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजी को लागि नगरपालिकामा सिफारिस सहित पठाउनु पर्ने छ । नगरपालिकाले कागजात अध्ययन गरी लगत कट्टा वापत लिईने सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह करदाताबाट असुल गर्नेछ ।

(६) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टागर्नु पूर्व करदातालाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा(५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध करदाताको नाममा नगरपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसायदर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता करदाताको विवरण सार्वजनिक गरिनेछ ।

**१२. जरिवाना तथा थप दस्तुर लाग्ने:** (१) निर्देशिकामा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५० प्रतिशत जरिवाना लिई असुल उपर गरिनेछ ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नवुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक १०० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।

**१३. प्रतिलिपि दिने सक्ने :** व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महलखाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जांचवुझ गरी प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

१४. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने : प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने वार्षिक करको ५० प्रतिशत वा रु. १०००।— मध्ये जुन वढी हुन्छ सो वराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

१५. व्यवसाय दर्ता/नविकरण नगरी संचालन गरेमा कारवाही हुने : (१) प्रचलित कानून र यसनिर्देशिका बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय नगरपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा नगरपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु वन्द गरिनेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा, सुविधाहरु वन्द गर्नसकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलितकानून बमोजिम असुल उपर गर्नेछ ।

१६. **वाधा अडकाउ फुकाउने अधिकार :** (१) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगरपालिकाका लाई हुनेछ ।

(२) प्रचलित ऐन, नियम र यस विनियमालीको मूलभूत कुरालाई असर पर्ने गरी माथि (१)बमोजिमको वाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

अनुसूचि-१

व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

पुनर्वास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पुनर्वास,कञ्चनपुर ।

विषयः **<u>व्यवसाय दर्ता /नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।</u>**

मैले । हामी ले निम्न स्थानमा .................................................. व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै नगरपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुरछु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर : .............................................
   (फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगानाः ............ जिल्ला ............. गा.वि.स./न.पा. .......वडा नं. ........ मार्ग .......... घर नं. ........

३. बाबुको नाम, थर : .................................................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ........ मार्ग ........... घर नं. .........
   व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं.....................पोष्ट बक्स नं. : .............. वेभसाइट .....................

५. सम्पर्क फोन नं. : .............................फ्याक्स ............................. इमेल :............

६. भाडामा रहेको भए व्यवसाय रहने घर /जग्गा को घरधनीको नाम, थर : ....................................

७. ठेगाना : .................. वडा नं. .................. घर नं. .............. मार्ग .......

८. व्यवसायको विवरण /प्रकृति : ............................................ ९. पूँजीगत लगानी रु.मा ........................

१०. फर्म/कम्पनीको नाम : ...............................................................................

११. परिचय पाटीको साइज : (लम्वाई .............. चौडाई ............ वर्गफिट .................. )

१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ....................................../कार्यालय : .........

१३. संलग्न गर्नूपर्ने कागजातहरुः: आफनै घर जग्गा भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडारकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ विदेशी नागरिकको हकमा नेपाल स्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो२ प्रति । फर्म कम्पनी भएमा दर्ता /इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

.............................

मिति : ........................ निवेदकको दस्तखत

**कार्यालय प्रयोजनका लागि मात्रः-**

निवेदन दस्तुर : ............................ दर्ता दस्तुर .......................व्यवसायकर ............ परिचय पाटी दस्तुर........................जरिवाना .................... जम्मा ........................... व्यवसाय प्रमाण पत्र नं. : .............

मिति : .........................

| | | |
|---|---|---|
| ................. | .................................... | .................. |
| पेश गर्ने | ठीक छ भनी प्रमाणित गर्ने | स्वीकृत गर्ने |

निर्देशिका ४ को उपदफा (३) सँग सम्बन्धित

अनुसूचि-२

पुनर्वास नगरपालिका

व्यवसाय कर दर्ता किताव

फोटो

**करदाता प्रमाणपत्र नं.:**

जारी भएको मितिः

**व्यवसायको विवरण**

१) व्यवसायको प्रकृतिः

२) व्यवसायको किसिमः

३) रहने स्थान/ठेगानाः

वडा नं.:घर नं.:

वाटोको नामः

४) अन्य :

**परिचयपाटी विवरण**

१) लेख्ने विवरणः/फर्म/कं.को नामः

२) साइजः

३) किसिमः जारी भएको जिल्लाः

४) घरधनीको नामः

**व्यवसायीको विवरण**

१) नाम,थरः

२) नागरिकता नं.:

३) ठेगानाः स्थायी :

अस्थायी :

४) बावुको नामः

५) बाजेको नामः

६) सम्पर्क फोन नं.:

७)अन्यः

| असुली आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालु आ.व.को व्यवसाय कर रु. | परिचय पाटी | वक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

निर्देशिकाको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

अनुसूचि ३

पुनर्वास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

**व्यवसाय दर्ता प्रम्रमाण-पत्र**

**करदाता नं...........................**

दर्ता मिति :

प्रमाणपत्र नं.:

जिल्ला...................................नगरपालिका .......................वडा............बस्ने श्री ............................ लाई निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायको नाम : ..................................................................

व्यवसाय रहने स्थान : पुनर्वास नगरपालिका वडा नं.: ................. बाटोको नाम ................................

घर नं............... टोल ...............................

व्यवसाय रहने घर । जग्गाधनीको नाम :..............................

व्यवसायको प्रकृति :................................विवरण

परिचयपाटीको साइज : ............................................................

पूंजीगत लगानी(रु मा) : ............................................

.......................... ...........................

करदाताको हस्ताक्षर स्वीकृत गर्नेको हस्ताक्षर

१) प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व.को ३५ दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ । नगरपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलै व्यवसाय प्रमाणपत्र नविकरणगर्न सकिनेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

३) व्यवसाय बन्द गर्नु परेमा करदाताले नगरपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र नगरपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्दछ ।

५) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा नगरपालिकाबाट समय समयमा दिने निर्देशानको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा नगरपालिकाले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेतगर्न सक्नेछ ।

९) यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवासय प्रचालित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

**वार्षिक व्यवसाय करहरूः**

| | **वार्षिक व्यवसाय कर** | |
|---|---|---|
| | **(क) होटल तथा लज तर्फ (वार्षिक)** | |
| | होटल दुई तले र सो भन्दा माथि आवासीय | २५००। |
| | होटल एक तले | १५००। |
| | मिठाई पसल | १०००। |
| | चिया तथा कफी | ५००। |
| | होटल तथा नास्ता पसल बिर्को खोली मदिरा बिक्री ग्रामिण क्षेत्र | १५००। |
| | होटल तथा नास्ता पसल बिर्को खोली मदिरा बिक्री शहरी क्षेत्र | २०००। |
| | **(ख)माछा, मासु पसल (वार्षिक)** | |
| | खसीको कटिङ्ग मासु पसल | १०००। |
| | माछा कटिङ्ग मासु पसल | ५००। |
| | बंगुरको कटिङ्ग मासु पसल | १०००। |
| | कुखुरा कटिङ्ग मासु पसल पक्की कोठा | १०००। |
| | कुखुरा कटिङ्ग मासु पसल फडमा | ५००। |
| | **माछा खसि बोका कुखुरा कटिङ पसल** | **१५००** |
| | **(ग) सागसब्जी तथा फलफुल पसल (वार्षिक)** | |
| | सानो खोका छाप्रा पसल | ५००। |
| | ठुलो पक्की पसल | १०००। |
| | **(घ) स्वास्थ्य सेवा तथा क्लिनिक (वार्षिक)** | |
| | औषधि बिक्री पसल थोक बिक्रेता | ३५००। |
| | औषधि बिक्री पसल खुद्रा बिक्रेता | २०००। |
| | एक्सरे पसल | १०००। |
| | चश्मा पसल | ७५०। |
| | दांत बनाउने निकाल्ने हाल्ने पसल तथा दन्त चिकित्सालय | २०००। |
| | एग्रोभेट र पशुपंक्षी औषधी | १०००। |
| | आयुर्वेदिक औषधि तर्फ (वार्षिक) | १०००। |
| | चिकित्सक | ८००। |

| | | |
|---|---|---|
| | पशु चिकित्सक | ८००। |
| | नर्सिङ्ग होम तथा पोलिक्लिनिक संचालन | ५०००। |
| | फिजियोथेरापी व्यवसाय संचालन | १०००। |
| | ल्याब परीक्षण सेवा संचालन | १०००। |
| | अल्ट्रासाउन्ड एक्सरे सेवा संचालन | २०००। |
| | **(ङ) अन्य व्यवसाय कर** | |
| | सिलाई पसल २ मेसिन सम्म | ३००। |
| | सिलाई पसल २ मेसिन ५ मसिन  सम्म | ६००। |
| | सिलाई पसल ५ मेसिन भन्दा माथी | १०००। |
| | सर्टिङ्ग सुटिङ्ग पसल सिलाई पसल | १०००। |
| | सिलाई मेशिन मर्मत गर्ने पसल | ५००। |
| | अटो ई/ बस मोटर पार्ट बिक्रि पसल | ३५००। |
| | बस, जीप तथा ट्रेक्टर मर्मत | २०००। |
| | मोटरसाइकल मर्मत तथा पार्टस् बिक्रि | १०००। |
| | किराना पसल ठुलो | २०००। |
| | किराना पसल अलि मझौला | १५००। |
| | सानो किराना पसल | १०००। |
| | खोका किराना पसल | ५००। |
| | छाला जुत्ता चप्पल बिक्रि गर्ने पसल | १,०००। |
| | कस्मेटिक श्रृगांर सामान पसल ठुलो | १२००। |
| | कस्मेटिक श्रृगांर समान पसल सानो | ८००। |
| | गिफ्ट तथा उपहार सामाग्री बिक्री पसल | ८००। |
| | सटरिङ्ग सेवा व्यवसाय | ३०००। |
| | विद्युत सामग्री तथा मोटर बिक्री पसल | २०००। |
| | खानेपानी धारा लगायत अन्य पसल बिक्री पसल | १०००। |
| | पेन्ट  बिक्री पसल (डिलर) | १५००। |
| | भाडा वर्तन तथा अन्य समान बिक्री पसल | २०००। |
| | टेलिभिजन, फ्रिज र कम्प्युटर बिक्री पसल | २५००। |
| | डिस लाईनको केबुल व्यवसाय | ५०००। |
| | मलखाद बिउ बिजन बिक्री पसल | १०००। |
| | खराद मसिन, ग्यांस मसिन र ब्याट्री चार्ज पसल | २०००। |
| | पान बिडी पसल | ५००। |
| | हजाम २ सिट भन्दा बढी | १०००। |
| | हजाम २ सिट भन्दा कम | ८००। |
| | ब्युटी पार्लर | १०००। |
| | ब्यूटी पार्लर तथा प्रशिक्षण केन्द्र | १५०० |
| | साईन बोर्ड पेन्टिङ्ग पसल | १०००। |
| | फ्लेक्स प्रिन्ट पसल | १५००। |
| | घर जग्गा बिक्री केन्द्र | ५०००। |
| | कुटानी पिसानी पेलानी व्यवसाय | २०००। |
| | चिउरा मिल तथा भुजा मिल | १०००। |
| | पशुपंक्षी दानाको सप्लायर्स | १०००। |
| | दाना उद्योग | १०००। |
| | डिस होम डिलर | २०००। |

| | | |
|---|---|---|
| | एफ.एम.रेडियो व्यवसाय | २०००। |
| | सुर्तिजन्य व्यवसाय | १५००। |
| | धर्मकांटा व्यवसाय | १०००। |
| | डेरीका सामान बिक्री गर्ने पसल | १,०००। |
| | टेलीफोन प्रति टावर | ५०००। |
| | इन्टरनेट व्यवसाय संचालन | २०००। |
| | **(च) बजारमा खरीद बिक्री पसल** | |
| | कांटा राखी गोदाम गर्ने ठूलो | ४०००। |
| | कांटा राखी गोदाम गर्ने सानो | ३०००। |
| | फुटकर खाद्यान्न खरिद बिक्री पसल | २०००। |
| | **(छ) एजेन्सी तथा थोक बिक्री पसल (वार्षिक) व्यापारिक वस्तु** | |
| | पम्पीङ्गसेट, जेनरेटर प्रति डिलर | २५००। |
| | चुरोट, बिडी जस्ता धुम्रपान एजेन्सीमा | ३०००। |
| | बिस्कुट एजेन्सीमा | १०००। |
| | साबुन एजेन्सी | १०००। |
| | टायर एजेन्सी | १५००। |
| | चाउचाउ एजेन्सीमा | १५००। |
| | प्लास्टिक भाडा आदिको एजेन्सीमा | १५००। |
| | कोल्ड ड्रिङ्स कोक तथा पेप्सी डिलर | २०००। |
| | अन्य एजेन्सी प्रति थप | ५००। |
| | स्वदेशी विदेशी कपडा तथा अन्य सामानको थोक विक्रेता पसल | २०००। |
| | स्वदेशी विदेशी तयारी कपडा पसल | १०००। |
| | फेन्सी तयारी सामान कपडा श्रृङ्गारको सानो पसल | १०००। |
| | कपडा रेडिमेट इलेक्ट्रोनिक फैन्सी समान पसल | १२००। |
| | कपडा पसल (थान) | १०००। |
| | साइकल विक्री पसल | १०००। |
| | मोटर साइकल बिक्री एजेन्सी | ४०००। |
| | मोटर साइकल पार्ट विक्री तथा मर्मत | १५००। |
| | ट्र्याक्टर बिक्री एजेन्सी | ६०००। |
| | नाप तौल ढक तराजु | ८००। |
| | कृषि कार्यको लागि सानो पावर टेलर एजेन्सी | १०००। |
| | उच्च स्तरीय मदिरा डिलर | ७०००। |
| | निम्न स्तरीय मदिरा डिलर | ५०००। |
| | प्रति एजेन्सी मदिरा डिलर थप | २०००। |
| | ग्यास सिलिण्डर विक्रेता पसल | २०००। |
| | टि.भि.तथा फ्रिज समेतको डिलर पसल | १५००। |
| | रेडियो डिलर | १,०००। |
| | व्याट्रि डिलर पसल | १,०००। |
| | विभिन्न सामान सप्लायर्स | १०००। |
| | कम्प्युटर तथा फोटोकपी मेशीन तथा सामान विक्रि पसल | २०००। |
| | डविङ, फोटोकपी पसल | ५००। |

| | | |
|---|---|---|
| | साइकल विक्री तथा पार्ट पुर्जा | १,०००। |
| | ज्यासल वा आरन राखि कास, तामा, पित्तलको भाडा बनाई व्यवसाय गर्ने | १०००। |
| | **(ज) मट्टीतेल, पेट्रोल, डिजल पम्प तर्फ (वार्षिक)** | |
| | पेट्रोल र डिजल पम्प संयुक्त | ४०००। |
| | डिजल पम्प | २०००। |
| | मट्टी तेल पम्प | १०००। |
| | **(झ) साईकल, मोटर साइकल, टि.भी.डेक, रेडियो तथा घडी मर्मत पसल (वार्षिक)** | |
| | साइकल मर्मत मात्र | ५००। |
| | मोटर साईकल मर्मत | १५००। |
| | टि.भी..डेक, रेडियो तथा घडी बिक्रि मर्मत पसल | १०००। |
| | टि.भी.डेक, रेडियो तथा घडी मर्मत पसल | ५००। |
| | रेडियो तथा घडी मर्मत पसल | ५००। |
| | इलेक्ट्रोनिक्स सामानहरु बिक्री पसल | २०००। |
| | इलेक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान मर्मत पसल | ५००। |
| | टर्च, छाता, सिलाई मसिन र अन्य मर्मत पसल | ५००। |
| | विद्युत सामग्री मोटर पंखा मर्मत पसल | १२००। |
| | **(ञ) उद्योग, कारखाना तथा विक्री कक्ष समेत (वार्षिक)** | |
| | चिनी उद्योग तथा मिल | १०००००। |
| | ईटा भट्टा चिम्नी | २००००। |
| | टायल भट्टा उद्योग | ३०००। |
| | उखु केसर उद्योग | ५०००। |
| | स : मिल आरा मिल | १५०००। |
| | सेलर मिल ठुलो | ४०००। |
| | सेलर मिल मझौला | ३०००। |
| | सेलर मिल सानो | १५००। |
| | पाउरोटी पापड बनाउने उद्योग | १०००। |
| | स्टील फर्निचर उद्योग र विक्री कक्ष | २५००। |
| | काठ फर्निचर उद्योग र विक्री कक्ष | ३०००। |
| | अगरबत्ती तथा मैन बत्ती उद्योग | ५००। |
| | ह्याचरी उद्योग तथा सो संग सम्बन्धित विक्रि कक्ष | २०००। |
| | बरफ उद्योग तथा आइसक्रिम उद्योग | १५००। |
| | ह्यूमपाईप पिलर, विद्युत पोल बनाउने उद्योग | ५,०००। |
| | RCC रिङ, गमला, ब्लक, खुट्टा बनाउने | २०००। |
| | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने | ५,०००। |
| | चाउमिन उद्योग | २०००। |
| | चक्लेट, टफी उद्योग | ५००। |
| | नमकिन, दालमोठ बनाउने | ७००। |
| | ग्रील, सटर बनाउने उद्योग | ३५००। |
| | सिरक, डसना बनाउने तथा बिक्री पसल | १५००। |
| | गारमेन्ट उद्योग | १५००। |
| | सुन चांदी गहना बनाउने तथा विक्री पसल (ठूलो) | ३०००। |
| | सुन चांदी गहना बनाउने तथा विक्री पसल (ठूलो) | १५००। |

| | | |
|---|---|---|
| | **(ट) फोटो स्टुडियो, कलरल्याब, कम्प्यूटर इन्स्च्यूट, मोबाईल जस्ता व्यवसाय (वार्षिक)** | |
| | कलरल्याब | १५००। |
| | फोटोस्टुडियो | ७००। |
| | भिडियो क्यामरा व्यवसाय | १०००। |
| | फोटोकपी, लेमिनेशन गर्ने तथा मर्मत पसल | ७००। |
| | टेन्ट हाउस | १५००। |
| | वेन्डवाजा पसल | १५००। |
| | डि.जे. साउन्ड | २०००। |
| | छापाखाना स्टेशनरी | २०००। |
| | स्टेशनरी तथा पुस्तक पसल | १५००। |
| | ट्रान्सपोर्ट कम्पनी व्यवसाय | ३०००। |
| | भिडियो सि.डि.पसल | ५००। |
| | हार्डवेयर तथा निर्माण सामाग्री पसल क श्रेणी | ३०००। |
| | हार्डवेयर तथा निर्माण सामाग्री पसल ख श्रेणी | २५००। |
| | मार्वल र टायल पसल | २०००। |
| | सिसा, प्लाइउड, सनमाईका जन्य पसल | २०००। |
| | खेलौना सजावट पसल | ७००। |
| | इन्जिनियरिङ्ग तथा परामर्श कन्सल्टेन्सी सेवा | ५०००। |
| | पेटिङ्ग आर्ट पसल | १०००। |
| | गाई, भैसी पालन व्यवसाय | १०००। |
| | **बंगुर पालन ब्यबसाय** | १२००। |
| | कुखुरा पालन व्यवसाय | ७००। |
| | माछा पालन व्यवसाय | |
| | **न्यूनतम ५ कट्ठा सम्म पोखरी भएको** | ७००। |
| | **५ कट्ठा भन्दा माथी पोखरी भएको प्रति कट्ठा थप** | ३० |
| | मौरी पालन व्यवसाय | ५००। |
| | बाखा पालन व्यवसाय | ५००। |
| | दुध दहि घ्यू पनिर बिक्री गर्ने तथा डेरी संचालन | १०००। |
| | बसको टिकट बुकिङ्ग काउण्टर | २०००। |
| | पुल हाउस व्यवसाय | २०००। |
| | **(ठ) मोवाइल विक्रि तथा मर्मत पसल र सिमकार्ड विक्रि पसल** | |
| | रिचार्ज र सिम कार्ड बिक्री पसल | ५००। |
| | मोवाइल बिक्री तथा मर्मत पसल (ठूलो) | २५००। |
| | मोवाइल बिक्री तथा मर्मत पसल (सानो) | १०००। |
| | **(ड) निजी क्षेत्रका अध्ययन संस्थाहरु (बोर्डिङ्ग स्कुल तर्फ)** | |
| | क. पूर्व प्रा.वि.(पि.जी.) तह सम्मका | २०००। |
| | ख. आधारभूत तह सम्मका | ३०००। |
| | ग. मा.वि.सम्मका | ५०००। |
| | ङ कम्प्युटर ईन्सिच्युट | २०००। |
| | च. कोचिङ्ग टयुसन सेन्टर | १५००। |
| | सवारी चालक तालिम सेन्टर (ड्राइभिङ्ग इन्स्च्यूट) | २०००। |
| | विदेशी भाषा प्रशिक्षण केन्द्र र ट्यूशन | ३०००। |
| | छ. व्यवसायिक तथा प्राविधिक शिक्षालय | ३०००। |
| | होटल ट्रेनिङ्ग सेन्टर | २०००। |

| | | |
|---|---|---|
| | **(ड) बित्तिय सेवा (वार्षिक) (नबिकरण शुल्क समेत)** | |
| | बाणिज्य बैंक शाखा कार्यालय | ७०००। |
| | विकास बैंक तर्फ | ५०००। |
| | सहकारी बैंक संस्था | १०००। |
| | बीमा कम्पनी | ४०००। |
| | मुद्रा सटही काउन्टर, आई.एम.ई.तथा रेमिट सेन्टर | २०००। |